# राष्ट्रिय जनगणना २०७८

# मुख्य नतिजा

# मधेश प्रदेश




नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

**राष्ट्रिय तथ्याङ्क कार्यालय**

थापाथली, काठमाडौं


मेरो गणना
मेरो सहभागिता
राष्ट्रिय जनगणना २०७८

# मुख्य नतिजा

१. **जनसंख्या (Population):** राष्ट्रिय जनगणना २०७८ अनुसार (जनगणना सन्दर्भ दिन २०७८ साल मंसिर ९ गते) मधेश प्रदेशको जनसंख्या ६१,१४,६०० रहेको छ, जसमध्ये पुरूषको संख्या ३०,६५,७५१ (५०.१४ प्रतिशत) र महिलाको संख्या ३०,४८,८४९ (४९.८६ प्रतिशत) छ। जस अनुसार लैङ्गिक अनुपात (Sex Ratio) अर्थात प्रति १०० जना महिलामा पुरूषको संख्या १००.५५ रहेको छ। गत २०६८ सालमा कुल जनसंख्या ५४,०४,१४५ र लैङ्गिक अनुपात १०१.१८ थियो।

२. **अन्य लिङ्गीको जनसंख्या (Other gender population):** राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार नेपालको कुल जनसंख्यामध्ये अन्य लिङ्गी (लैङ्गिक तथा यौनिक अल्पसंख्यक) को जनसंख्या २,९२८ देखिएको छ जुन कुल जनसंख्याको ०.०१ प्रतिशत हुन्छ। कुल अन्य लिङ्गी मध्ये मधेश प्रदेशमा २४.९ प्रतिशत रहेको छ।

३. **वार्षिक जनसंख्या वृद्धिदर[1] (Average annual population growth rate):** मधेश प्रदेशको जनगणना अवधिको वार्षिक औषत जनसंख्या वृद्धिदर (Average annual population growth rate) १.१९ प्रतिशत रहेको छ। मधेश प्रदेशमा सबैभन्दा बढी बार्षिक औषत जनसंख्या वृद्धिदर भएको जिल्ला रौतहट (१.६३ प्रतिशत) र सबैभन्दा कम बार्षिक औषत जनसंख्या वृद्धिदर भएको जिल्ला पर्सा (०.८२ प्रतिशत) रहेका छन्।

४. **जनघनत्व (Population density):** जनगणनाको नतिजा अनुसार मधेश प्रदेशको जनघनत्व (प्रति वर्ग किलोमिटर क्षेत्रफलमा रहेको जनसंख्या) ६३३ जना प्रतिवर्ग किलोमिटर रहेको छ, जुन २०६८ सालमा ५५९ मात्र थियो। सबैभन्दा धेरै जनघनत्व धनुषा जिल्लामा (७३५ जना प्रति वर्ग किलोमिटर) र सबैभन्दा कम पर्सा जिल्लामा (४८४ जना प्रति वर्ग किलोमिटर) रहेको छ।

५. **बृहत उमेर समूह अनुसार जनसंख्या (Population by broad age group):** जनगणना अनुसार मधेश प्रदेशको कुल जनसंख्याको ५७.७ प्रतिशत १५ देखि ५९ वर्ष उमेरका रहेका छन्। हाल १४ वर्ष वा सो भन्दा कम उमेरका

[1] Growth rate - Computed from exponential population growth formula

र ६० वर्ष वा सो भन्दा माथिल्लो उमेरका जनसंख्या क्रमशः ३२.२ प्रतिशत र ९.१ प्रतिशत रहेको छ ।

६. **परिवार संख्या (Number of households):** गत २०६८ सालको जनगणना अनुसार मधेश प्रदेशको परिवार संख्या ९,३२,३०८ रहेकोमा हाल उक्त संख्या करिब २४.१ प्रतिशतले बढेर ११,५६,७१५ पुगेको छ । जसमध्ये व्यक्तिगत परिवार ११,५६,३८३ र संस्थागत परिवार ३३२ रहेका छन् ।

७. **परिवारको औसत आकार (Average household size):** २०७८ सालमा मधेश प्रदेशमा प्रति परिवार अक्सर बसोबास गर्ने सदस्य औसतमा ५.२९ जना रहेको छ, जुन २०६८ सालमा ५.८० जना रहेको थियो । मधेश प्रदेशमा परिवारको आकार रौतहट जिल्लामा सबैभन्दा बढी (५.९४) र सप्तरी जिल्लामा सबैभन्दा कम (४.८१) रहेको छ ।

८. **नगरपालिका तथा गाउँपालिकाको जनसंख्या (Urban/Rural municipality population):** २०७८ सालको जनगणनामा मधेश प्रदेशको नगरपालिकाहरूको जनसंख्या ७३.० प्रतिशत रहेको छ भने गाउँपालिकाहरूको जनसंख्या २७.० प्रतिशत रहेको छ ।

९. **सबैभन्दा धेरै र कम जनसंख्या भएका जिल्ला (Districts with highest and lowest Population):** प्राप्त नतिजाअनुसार मधेश प्रदेशका ८ जिल्लाहरूमध्ये सबैभन्दा बढी जनसंख्या धनुषा जिल्लामा ८,६७,७४७ जना र सबैभन्दा कम जनसंख्या पर्सा जिल्लामा ६,५४,४७१ जनाको अक्सर बसोवास रहेको छ । मधेश प्रदेशका अन्य जिल्लाहरूमा जनसंख्या बढी भएका जिल्लाहरूमा क्रमशः सर्लाही, रौतहट, बारा, सिराहा, महोत्तरी र सप्तरी रहेका छन् ।

१०. **मुख्य प्रयोग अनुसार घरको संख्या (Number of building structures by main use):** राष्ट्रिय जनगणना २०७८ मा मुख्य प्रयोग अनुसार देशभरका सम्पुर्ण घरहरूको विवरण संकलन गरिएको छ । घरको धेरैजसो भाग के कामका लागि प्रयोग भएको थियो सोको आधारमा मुख्य प्रयोगलाई विभिन्न १२ (बाह्र) प्रकारमा वर्गिकरण गरिएको छ । जनगणनाको नतिजा अनुसार मधेश प्रदेशमा जम्मा १२,८३,३२८ वटा घर संरचना रहेको छ, जसमध्ये मुख्यरूपमा आवासको लागि प्रयोग भएका घर ७३.२ प्रतिशत, गोठ/धन्सार/मतान ११.८ प्रतिशत, खाली घर ४.० प्रतिशत, व्यापार ३.१

प्रतिशत, शैक्षिक ०.५ प्रतिशत, संस्थागत ०.२ प्रतिशत, होटल तथा लज ०.१ प्रतिशत, उद्योग/कलकारखाना ०.४ प्रतिशत, सरकारी ०.३ प्रतिशत, स्वास्थ्यजन्य ०.२ प्रतिशत, बैंक तथा वित्तीय संस्था ०.१ प्रतिशत र अन्य (जस्तैः भान्सा घर) ६.० प्रतिशत रहेका छन् ।

११. **घर वा आवासीय एकाइको स्वामित्व (Ownership of house/housing unit):** मधेश प्रदेशमा परिवारले आवासीय प्रयोग गरिरहेको घरको स्वामित्वमा कुल ११,५६,३८३ परिवारमध्ये ९६.६ प्रतिशत परिवारहरू आफ्नै स्वामित्वको घरमा बसोबास गरिरहेका छन् भने २.३ प्रतिशत परिवारहरू भाडामा लिइएको आवासीय एकाइमा बसिरहेको छन् । गत २०६८ सालको जनगणनामा यो मान क्रमशः ९६.२ प्रतिशत र २.८ प्रतिशत रहेको थियो । हालको गणनाअनुसार ०.४ प्रतिशत परिवारहरू संस्थागत एकाइमा र ०.७ प्रतिशत परिवार अन्य प्रकारको स्वामित्वको एकाइमा बसोबास गरेका छन् ।

१२. **खानेपानीको मुख्य स्रोत (Main source of drinking water):** राष्ट्रिय जनगणना २०७८ को नतिजाअनुसार मधेश प्रदेशका कुल ११,५६,३८३ परिवार मध्ये ७१.८ प्रतिशत परिवारले मुख्यरुपमा ट्युववेल/हाते पम्पबाट, २२.६ प्रतिशतले धारा/पाइप (घरपरिसर भित्र र बाहिर समेत) बाट, ०.२ प्रतिशतले जार/बोतलबाट, १.२ प्रतिशतले मूल धाराबाट, ०.७ प्रतिशतले ढाकिएको इनार/कुवाबाट खानेपानी प्रयोग गर्ने गरेका छन् । खुला इनार/कुवाबाट खानेपानीको प्रयोग गर्ने घरपरिवार २.२ प्रतिशत, नदी/खोलाबाट खानेपानी प्रयोग गर्ने परिवारहरू ०.१ प्रतिशत रहेका छन् भने अन्य श्रोत प्रयोग गर्नेको संख्या १.२ प्रतिशत रहेको छ । राष्ट्रिय जनगणना २०६८ मा मधेश प्रदेशका ९,३२,०८७ परिवारमध्ये ८१.८ प्रतिशत परिवारले ट्युववेल/हाते पम्पबाट र १०.५ प्रतिशत परिवारले धारा/पाइपबाट खानेपानी प्रयोग गरेका थिए ।

१३. **खाना पकाउन अक्सर प्रयोग गरिने इन्धन (Main source of cooking fuel):** राष्ट्रिय जनगणना २०७८ को नतिजाले मधेश प्रदेशका कुल परिवार मध्ये अधिकांशले (५८.६ प्रतिशत) खाना पकाउन अक्सर काठ/दाउरा प्रयोग गर्ने गरेका छन् । खाना पकाउन अक्सर एल.पि.ग्याँस, गुँइठा, बायोग्याँस, बिजुली र अन्य इन्धन प्रयोग गर्ने परिवारको प्रतिशत क्रमशः २८.७, १०.९, ०.७, ०.८, ०.२ रहेको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार ५२.१ प्रतिशतले खाना पकाउन अक्सर काठ दाउरा, ३७.९ प्रतिशतले गुँइठा र ५.८ प्रतिशतले एल.पि.ग्याँस प्रयोग गर्ने गरेका थिए ।

१४. **बत्ती बाल्न अक्सर प्रयोग गरिने स्रोत (Main source of lighting):** मधेश प्रदेशमा गत जनगणनामा बिजुली प्रयोग गर्ने परिवार ५९.७ प्रतिशत रहेकोमा हाल ९७.९ प्रतिशत पुगेको छ। बत्ती बाल्नका लागि अक्सर सोलार/सौर्य ऊर्जा, मट्टितेल, वायो ग्याँस र अन्य इन्धन प्रयोग गर्ने परिवार क्रमशः ०.८, ०.९, ०.१ र ०.३ प्रतिशत रहेका छन्। २०६८ सालमा बत्ती बाल्नका लागि अक्सर मट्टितेल प्रयोग गर्ने परिवार ३७.४ प्रतिशत रहेको थियो।

१५. **शौचालयको सुविधा (Toilet facility):** राष्ट्रिय जनगणना २०७८ मा मधेश प्रदेशमा गणना गरिएका ११,५६,३८३ व्यक्तिगत परिवारमध्ये ८८.० प्रतिशत परिवारले कुनै न कुनै प्रकारको शौचालयको प्रयोग गर्ने गरेका छन् भने १२.० प्रतिशत परिवारहरूसँग अझै पनि शौचालयको पहुँच नभएको पाइएको छ। गत जनगणना २०६८ मा शौचालयको पहुँच नभएका परिवार ७२.७ प्रतिशत थिए।

१६. **परिवारले उपयोग गरेका साधन/सुविधा (Household assets/ amenities):** राष्ट्रिय जनगणना २०७८ बाट प्राप्त नतिजा अनुसार मधेश प्रदेशका ४.४ प्रतिशत परिवारहरूमा जनगणनामा सोधिएका कुनै पनि साधन तथा सुविधाहरू उपलब्ध नभएको पाइयो भने ९५.६ प्रतिशत परिवारमा कम्तीमा एक किसिमको साधन/सुविधा उपलब्ध भएको पाइएको छ। मधेश प्रदेशमा विद्युतीय पंखा ७८.८ प्रतिशतमा, साधारण मोवाइल फोन हुने परिवारको प्रतिशत ७४.८ प्रतिशत छ भने त्यसपछि स्मार्ट मोबाइल फोन भएका परिवार ६६.९ प्रतिशत रहेको छ। कुल परिवारमध्ये ६७.४ प्रतिशतमा साईकल, ४३.६ प्रतिशतमा टेलिभिजन, ३४.१ प्रतिशतमा मोटरसाइकल/स्कुटर, २२.२ प्रतिशतमा रेडियो सुविधा, २१.४ प्रतिशतमा इन्टरनेट सुविधा, १०.९ प्रतिशतमा रेफ्रिजेरेटर, ७.९ प्रतिशतमा कम्प्युटर/ल्यापटप, १.६ प्रतिशतमा ल्याण्डलाइन टेलिफोन, १.४ प्रतिशतमा कार/जीप/भ्यान, १.३ प्रतिशतमा वासिङ्ग मेशिन, र ०.५ प्रतिशतमा एयर कन्डिशनर उपलब्ध रहेको छ।

१७. **परिवारमा महिलाको नाममा रहेको घरजग्गा (Female ownership in house & land):** जनगणना २०७८ को नतिजा अनुसार मधेश प्रदेशमा कुल २५.२ प्रतिशत परिवारहरूमा महिलाको नाममा घर वा जग्गा वा घरजग्गा दुबै रहेको छ। महिलाको नाममा घर र जग्गा दुवै हुने परिवार

१२.० प्रतिशत रहेको छ जुन २०६८ सालको तुलनामा २.७ प्रतिशत बिन्दुले बढी हो ।

१८. **कृषि बाहेकका साना घरेलु व्यवसाय सञ्चालन गर्ने परिवारहरुको विवरण (Number of households operating small scale enterprises other than agriculture):** जनगणनाको नतिजा अनुसार मधेश प्रदेशमा कुनै पनि सरकारी निकायमा दर्ता नगरेका र एक जना पनि तलबी कामदार नराखेका कृषि बाहेकका साना घरेलु व्यवसाय सञ्चालन गरेका परिवार १,१९,९२० (१०.४%) रहेका छन् । यस्ता साना घरेलु व्यवसाय सञ्चालन गर्ने कुल परिवारमध्ये घरेलु उद्योग २६,७४८ (२२.३%), व्यापार/व्यवसाय ५५,३३७ (४६.१%), यातायात ७,२६५ (६.१%), सेवा ११,५८० (९.७%) र १८,९९० (१५.८%) अन्य किसिमका व्यवसाय सञ्चालन गर्ने परिवार छन् । उल्लेखित साना घरेलु व्यवसाय मध्ये मुख्य रूपमा पुरूषले सञ्चालन गरेका ६८.७ प्रतिशत र महिलाले सञ्चालन गरेका ३१.३ प्रतिशत रहेका छन् ।

१९. **परिवारमा अनुपस्थित (विदेश गएका) व्यक्ति (Absentee abroad):** राष्ट्रिय जनगणना २०७८ का अनुसार मधेश प्रदेशमा जम्मा २,५२,०१५ परिवारबाट ३,०४,२८६ जना (२१.८ प्रतिशत) परिवारमा अनुपस्थित रही विदेशमा अक्सर बसोवास गर्छन् जसमध्ये पुरूष २,९२,४२७ (९६.१ प्रतिशत) र महिला ११,८५९ (३.९ प्रतिशत) प्रतिशत) रहेका छन् । २०६८ को जनगणना अनुसार १,७८,५७६ (१९.२ प्रतिशत) परिवारबाट २,२४,४७९ ( जना व्यक्ति परिवारमा अनुपस्थित रही विदेशमा अक्सर बसोबास गरेका थिए । जसमध्ये पुरूषको संख्या ९७.२ प्रतिशत र महिलाको संख्या २.८ प्रतिशत रहेका थिए ।

२०. **महिला परिवारमूली (Female household head):** राष्ट्रिय जनगणना २०७८ मा मधेश प्रदेशमा गणना गरिएका कुल ११,५६,७१५ परिवारमध्ये २१.७ प्रतिशत परिवारमूली महिला रहेका छन् जुन २०६८ को तुलनामा ८.१ प्रतिशत बिन्दुले बढी हो । राष्ट्रियस्तरमा महिला परिवारमूली रहेका परिवार ३१.६ प्रतिशत रहेका छन् ।

२१. **वैवाहिक अवस्था (Marital status):** प्राप्त नतिजा अनुसार मधेश प्रदेशमा १० वर्ष वा सो भन्दा बढी उमेरका कुल जनसंख्याको ३३.४ प्रतिशत व्यक्तिहरू अविवाहित रहेका छन् जसमा पुरूष ३९.४ प्रतिशत र महिला

२७.६ प्रतिशत छन्। त्यस्तै १० वर्ष वा सो भन्दा बढी उमेरका व्यक्तिहरू मध्ये ६२.५ प्रतिशत हाल विवाहित अवस्थामा र ३.९ प्रतिशत विधवा/विधुर अवस्थामा छन्। हाल विवाहित पुरूष र महिलाहरू उनीहरूको कुल जनसंख्याको क्रमशः ५८.२ र ६६.७ प्रतिशत रहेका छन्।

२२. **पहिलो विवाह गर्दाको उमेर (Age at first marriage):** राष्ट्रिय जनगणना २०७८ को नतिजाले मधेश प्रदेशका धेरैजसो व्यक्तिहरू ३९.५ प्रतिशत (४२.७ प्रतिशत पुरूष र ३७.० प्रतिशत महिला) को पहिलो विवाह १८ देखि २० वर्षको उमेरमा भएको देखाएको छ। दोस्रोमा १५ देखि १७ वर्षको उमेरमा पहिलो विवाह हुने व्यक्तिहरू २७.७ प्रतिशत (१५.१ प्रतिशत पुरूष र ३८.१ प्रतिशत महिला) छन्। यसैगरी २१-२४ वर्ष उमेरमा पहिलो विवाह हुनेहरू १४.५ प्रतिशत (२२.६ प्रतिशत पुरूष र ८.० प्रतिशत महिला) रहेका छन्। यसैगरी १०-१४ वर्ष उमेरमा पहिलो विवाह हुनेहरू ९.३ प्रतिशत (३.८ प्रतिशत पुरूष र १३.८ प्रतिशत महिला) रहेका छन्। दश वर्षमूनीको उमेरमा पहिलो विवाह भएका व्यक्तिहरू ०.२ प्रतिशत छन्। मधेश प्रदेशमा पहिलो विवाह गर्दाको औषत उमेर (Median age at first marriage) १८ वर्ष रहेको छ, जसमा पुरूषको २० वर्ष र महिलाको १७ वर्ष रहेको छ।

२३. **अपाङ्गता (Disability):** राष्ट्रिय जनगणना २०७८ बाट प्राप्त नतिजाअनुसार मधेश प्रदेशको कुल जनसंख्याको १.५ प्रतिशत व्यक्तिमा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको छ। अपाङ्गता भएका व्यक्ति मध्ये पुरूष ५६.८ प्रतिशत र महिला ४३.२ प्रतिशत छन्। राष्ट्रियस्तरमा देशको कुल जनसंख्याको २.२ प्रतिशत व्यक्तिमा कुनै एक वा एक भन्दा बढी प्रकारको अपाङ्गता रहेको छ।

२४. **साक्षरता दर (Literacy rate):** मधेश प्रदेशका ५ वर्ष वा सो भन्दा बढी उमेरका कुल जनसंख्यामा साक्षरता दर ६३.५ प्रतिशत रहेको छ। पुरूषको साक्षरता दर ७२.५ प्रतिशत छ भने महिलाको साक्षरता दर ५४.७ प्रतिशत रहेको छ। नेपालको कुल साक्षरता दर ७६.२ प्रतिशत, पुरूषको साक्षरता दर ८३.६ प्रतिशत र महिलाको साक्षरता दर ६९.४ प्रतिशत रहेको छ।

२५. **उत्तीर्ण गरेको शैक्षिक तह (Education level completed):** राष्ट्रिय जनगणना २०७८ अनुसार मधेश प्रदेशमा कुल साक्षर जनसंख्याको सबै भन्दा बढी अर्थात ३३.० प्रतिशत व्यक्तिहरूले प्राथमिक तह (कक्षा १ देखि ५ सम्म) उत्तीर्ण गरेका छन्। दोस्रोमा निम्न माध्यमिक तह (कक्षा ६ देखि ८

सम्म) उत्तीर्ण गरेका व्यक्तिहरू २१.३ प्रतिशत रहेका छन् । एस.एल.सि. वा सो सरह मात्र उत्तीर्ण गर्ने व्यक्तिहरू कुल साक्षर जनसंख्याको ७.६ प्रतिशत छन् । यसैगरी एस.एल.सि. भन्दा माथिल्लो तह उत्तीर्ण गर्नेहरू १४.५ प्रतिशत रहेका छन् ।

२६. **जन्मस्थानको आधारमा जनसंख्या (Population by place of birth):** राष्ट्रिय जनगणना २०७८ अनुसार मधेश प्रदेशमा जन्मस्थान र हालको बसोबास एउटै गाउँपालिका वा नगरपालिका भएका व्यक्तिहरू ७७.१ प्रतिशत रहेका छन् । सो अवस्था हुने पुरूष ९३.३ प्रतिशत र महिला ६०.८ प्रतिशत रहेका छन् । कुल जनसंख्याको ११.३ प्रतिशत व्यक्तिहरूको जन्मस्थान सम्बन्धित जिल्लाको अर्को गाउँपालिका वा नगरपालिका, ७.८ प्रतिशत जनसंख्याको अर्को जिल्ला र ३.९ प्रतिशतको जन्मस्थान विदेश रहेको छ ।

२७. **पछिल्लो पटक बसाइँ सरेको स्थानको आधारमा जनसंख्या (Population by former place of residence for current migration):** जनगणना अनुसार मधेश प्रदेशमा हाल अक्सर बसोबास गरिरहेको गाउँपालिका वा नगरपालिकाबाट अर्को स्थानमा कहिल्यै पनि बसोबास नगरेका व्यक्तिहरू ७६.७ प्रतिशत छन् । त्यसप्रकारको अवस्था हुने पुरूष ९२.८ प्रतिशत र महिला ६०.४ प्रतिशत रहेका छन् । कुल जनसंख्याको ११.६ प्रतिशत व्यक्तिहरूको यस अघिको बसोबास सम्वन्धित जिल्लाको अर्को गाउँपालिका वा नगरपालिकामा, ७.८ प्रतिशत जनसंख्याको अर्को जिल्लामा र ४.० प्रतिशतको यस अघिको बसोबास विदेश रहेको छ ।

२८. **पछिल्लो पटक बसाइँ सरेको अवधिको आधारमा जनसंख्या (Population at the current place of residence by duration of last migration):** जनगणना अनुसार मधेश प्रदेशमा पछिल्लो पटक बसाइँ सरेको अवधिको आधारमा हेर्दा बसाइँ सरेका कुल १४,२५,५७६ जना मध्ये सबैभन्दा बढी ३७.० प्रतिशत व्यक्तिहरूको पछिल्लो पटक बसाइँ सरेको अवधि १०-२४ वर्ष रहेको छ भने सबैभन्दा कम ६.७ प्रतिशत व्यक्तिहरूको पछिल्लो पटक बसाइँ सरेको अवधि ५० वर्षभन्दा बढी रहेको छ । पछिल्लो पटक बसाइँ सरेको अवधि १ वर्ष भन्दा कम हुने व्यक्तिहरू १.३ प्रतिशत रहेका छन् । यसैगरी लैङ्गिक हिसावले सबैभन्दा बढी ३४.२ प्रतिशत पुरूषहरू र ३७.५ प्रतिशत महिलाहरूको पछिल्लो पटक बसाइँ सरेको अवधि १०-२४ वर्ष रहेको छ ।

२९. **हाल बसाइँ सर्नुको कारण (Reasons for current migration):** जनगणना अनुसार मधेश प्रदेशमा यस अघिको बसोबास गरेको स्थानबाट गणना भएको स्थानमा आउनुको मुख्य कारणमा सबैभन्दा बढी ७५.४ प्रतिशत विवाह रहेको छ। हाल बसोबास गरेको स्थानमा आउनुका अन्य कारणहरू काम/रोजगारी ५.९ प्रतिशत, व्यापार/व्यवसाय १.१ प्रतिशत, अध्ययन/तालिम २.२ प्रतिशत, आश्रित ८.४ प्रतिशत, प्राकृतिक प्रकोप ०.५ प्रतिशत, कृषि २.० प्रतिशत, घर फर्किएको १.४ प्रतिशत र अन्य २.७ प्रतिशत रहेका छन्। बसाइँसराइ गरी आएका पुरूषमध्ये सबैभन्दा बढी २८.८ प्रतिशत काम/रोजगारीको कारण र महिलामध्ये ८८.२ प्रतिशत विवाहका कारण रहेका छन्।

३०. **महिलाको प्रजनन् अवस्था (Fertility Status):** राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार मधेश प्रदेशमा १५-४९ वर्षका विवाहित महिला (१२,६४,०६१ जना) मध्ये ११.५ प्रतिशतले गणनाको समयसम्म कुनै पनि जीवित बच्चा जन्माएका छैनन् भने २ जना जीवित बच्चा जन्माएका महिलाको संख्या सबैभन्दा बढी २६.९ प्रतिशत रहेको छ। गणनाको समयसम्म ३ जना जीवित बच्चा जन्माउने विवाहित महिला २४.५ प्रतिशत रहेका छन् भने ७ वा सो भन्दा बढी जीवित बच्चा जन्माउने महिला ३.३ प्रतिशत रहेको छ। १५-४९ वर्षका कुल १२,६४,०६१ जना विवाहित महिलाले हालसम्म ३०,५८,५२६ जना बच्चा जन्माएका छन्। जसमध्ये छोरा ५३.६ प्रतिशत र छोरी ४६.४ प्रतिशत रहेको छ। कुल जीवित जन्मेका बच्चाहरूमध्ये २.९ प्रतिशतको मृत्यु भएको थियो। मृत्यु भएका बच्चाहरूमध्ये छोरा ५६.६ प्रतिशत र छोरी ४३.४ प्रतिशत रहेका थिए।

३१. **महिलाको हालको प्रजनन् अवस्था (Current Fertility Status):** राष्ट्रिय जनगणना २०७८ अनुसार मधेश प्रदेशमा गणनाको दिनदेखि १२ महिना अघिको समयमा कुल ९६,५५७ जना बच्चाको जन्म भएको थियो जसमध्ये ५२,३३४ जना अर्थात ५४.२ प्रतिशत छोरा र ४४,२२३ अर्थात् ४५.८ प्रतिशत छोरीको जन्म भएको थियो। १ वर्षको अवधिमा जन्मेका बच्चाहरूमध्ये सबैभन्दा धेरै ४३.१ प्रतिशत बच्चाको जन्म २०-२४ बर्षका महिलाबाट भएको थियो।

३२. **बालबालिकाको बसाइँको अवस्था (Status of living arrangement of children):** मधेश प्रदेशमा अठार बर्ष भन्दा कम उमेरका २४,०१,८६१,

बालबालिकामध्ये सबैभन्दा बढी ८२.७ प्रतिशत बालबालिकाहरू आमाबाबु दुबैसँग बस्ने गरेका छन् । आमासँग मात्र बस्ने बालबालिका १५.४ प्रतिशत, बाबुसँग मात्र बस्ने बालबालिका ०.५ प्रतिशत र अन्य नातेदारसँग बस्ने बालबालिका १.० प्रतिशत रहेका छन् ।

३३. **आर्थिक काम गरेको अवधि (Duration of economic activities performed):** राष्ट्रिय जनगणना २०७८ अनुसार मधेश प्रदेशमा १० वर्ष वा बढी उमेरका ४७,७०,०१३ जना व्यक्तिहरू मध्ये २५,५०,४४६ जनाले गणना भएको १२ महिना अगाडिको समयमा कुनै न कुनै आर्थिक काम गरेका छन् जसमध्ये ३३.३ प्रतिशतले ६ महिना वा सोभन्दा बढी समय काम गरेको, २०.२ प्रतिशतले ६ महिनाभन्दा कम समय काम गरेको र ४६.५ प्रतिशतले कुनै पनि आर्थिक काम गरेका छैनन् ।

३४. **आर्थिक रुपले सक्रिय जनसंख्या (Economically active population):** मधेश प्रदेशमा १० वर्ष वा सोभन्दा बढी उमेरका ४७,७०,०१३ जना व्यक्तिहरू मध्ये २७,३०,४४७ जना ५७.२ प्रतिशत) आर्थिक रूपले सक्रिय र २०,३४,८७६ जना (४२.७ प्रतिशत) आर्थिक रूपले निष्क्रिय रहेका छन् जबकी आर्थिक रूपले सक्रिय वा निष्क्रिय अवस्था नखुलेका व्यक्तिहरूको संख्या ४,६९० जना रहेका छन् ।

३५. **अक्सर आर्थिकरुपले सक्रिय जनसंख्या (Usually economically active population):** १० वर्ष वा सोभन्दा बढी उमेरका २७,३०,४४७ जना आर्थिक रूपले सक्रिय व्यक्तिहरूमध्ये १८,०३,८३८ जना (६६.१ प्रतिशत) अक्सर आर्थिकरूपले सक्रिय र ९,२६,६०९ जना (३३.९ प्रतिशत) अक्सर आर्थिक रूपले निष्क्रिय रहेका छन् ।

३६. **अक्सर रोजगार जनसंख्या (Usually employed population):** १० वर्ष वा सोभन्दा बढी उमेरका १८,०३,८३८ जना अक्सर आर्थिकरूपले सक्रिय व्यक्तिहरू मध्ये १६,५४,४२७ जना (९१.७ प्रतिशत) अक्सर रोजगार र १,४९,४११ जना (८.३ प्रतिशत) अक्सर बेरोजगार रहेका छन् ।

३७. **आर्थिक कामको पेशागत वर्गीकरण अनुसारको जनसंख्या (Economically active population by main occupation):** जनगणनाको नतिजा अनुसार १० वर्ष वा सो भन्दा बढी उमेरका व्यक्तिले गरेको आर्थिक कामलाई नेपाल स्तरीय पेशागत वर्गीकरण अनुसार प्रस्तुत गरिएको छ ।

मधेश प्रदेशमा आर्थिक काम गरेका कुल जनसंख्या २५,५०,४४६ मध्ये पेशागत रूपमा सबैभन्दा बढी कृषि, वन र माछापालन कार्यका दक्ष कामदारहरू ४१.१ प्रतिशत रहेका छन्। यसपछि क्रमशः सामान्य वा प्राथमिक पेशाका कामदारहरू ३५.९ प्रतिशत, शिल्पकला तथा कालिगढ र यस सम्बन्धी व्यापार गर्ने कामदारहरू ७.० प्रतिशत, सेवा तथा वस्तु बिक्री गर्ने कामदारहरू ५.० प्रतिशत, पेशाविद्हरू ३.० प्रतिशत, व्यवस्थापकहरू २.९ प्रतिशत, यन्त्र प्रचालक तथा जडान गर्ने कामदारहरू २.७ प्रतिशत, प्राविधिक तथा सहायक पेशाविद्हरू १.२ प्रतिशत, कार्यालय सहायकहरू ०.७ प्रतिशत र सशस्त्र सैनिक अधिकारीहरू ०.३ प्रतिशत रहेका छन्।

३८. **आर्थिक कामको औद्योगिक क्षेत्र वर्गीकरण अनुसारको जनसंख्या (Economically active population by main industry):** जनगणनाको नतिजा अनुसार १० वर्ष वा सो भन्दा बढी उमेरका व्यक्तिले गरेको आर्थिक कामलाई नेपाल स्तरीय औद्योगिक क्षेत्र अनुसार वर्गीकरण गरी प्रस्तुत गरिएको छ। मधेश प्रदेशमा आर्थिक काममा संलग्न २५,५०,४४६ मध्ये सबैभन्दा धेरै कृषि, वन र माछापालन क्षेत्रमा ५४.१ प्रतिशत रहेका छन्। यसपछि क्रमशः थोक एवं खुद्रा व्यापारमा १५.५ प्रतिशत, निर्माणमा ११.० प्रतिशत, अन्य सेवामा सेवामा ५.२ प्रतिशत र औद्योगिक उत्पादनमा ४.६ प्रतिशत जनसंख्या संलग्न रहेका छन्।

३९. **आर्थिक काममा संलग्नताको प्रकार अनुसारको विवरण (Economically active population by employment status):** राष्ट्रिय जनगणना २०७८ अनुसार मधेश प्रदेशमा गणना भएको १२ महिना अगाडिको समयमा आर्थिक काम गरेका व्यक्तिहरू कुल २५,५०,४४६ जना रहेका छन्। जसमध्ये सबैभन्दा बढी आफ्नै काम गर्ने ४९.० प्रतिशत, अरूको काम गर्ने ३५.७ प्रतिशत, परिवारमा सघाउने मात्र १४.२ प्रतिशत, रोजगारदाता १.१ प्रतिशत र उल्लेख नभएको ०.१ प्रतिशत रहेका छन्।

४०. **आर्थिक कामको संस्थागत क्षेत्र अनुसारको विवरण (Economically active population by institutional sector):** राष्ट्रिय जनगणना २०७८ अनुसार मधेश प्रदेशमा गणना भएको १२ महिना अगाडिको समयमा आर्थिक काम गरेका व्यक्तिहरूको आर्थिक कामको संस्थागत क्षेत्र अनुसार सबैभन्दा बढी घरायसी क्षेत्रमा काम गर्ने ५९.३ प्रतिशत, गैर वित्तीय संस्थामा काम गर्ने ३७.१ प्रतिशत, सरकारी क्षेत्रमा काम गर्ने २.६ प्रतिशत, वित्तीय संस्थामा

काम गर्ने ०.६ प्रतिशत र नाफा नकमाउने संस्थामा काम गर्ने ०.३ प्रतिशत रहेका छन् ।

४१. **आर्थिक काम नगर्नुको कारण (Reasons for not being economically active):** मधेश प्रदेशमा दश वर्ष वा सो भन्दा बढी उमेरका व्यक्तिहरू मध्ये कुनै पनि आम्दानी हुने वा नहुने आर्थिक काम नगरेका व्यक्तिहरू मध्ये सबैभन्दा धेरै ४१.१ प्रतिशतले विद्यार्थी भएका कारणले आर्थिक काम नगरेको देखिन्छ । त्यसपछि अन्य कारणहरूमा क्रमशः घरधन्दा २९.५ प्रतिशत, बृद्ध अवस्था ८.४ प्रतिशत, पारिवारिक हेरचाह ९.६ प्रतिशत, अशक्त/बिरामी १.४ प्रतिशत, पेन्सन/आयस्ता १.७ प्रतिशत, सामाजिक कार्य/स्वयंसेवा ०.२ प्रतिशत र अन्यमा ७.८ प्रतिशत रहेको छ ।

४२. **बालबालिकाको जन्मदर्ता सम्बन्धी अवस्था (Birth registration status of children):** राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार मधेश प्रदेशमा ५ वर्ष वा सो भन्दा कम उमेरका कुल ७,९९,८९७ जना बालबालिका मध्ये ७६.६ प्रतिशतको जन्मदर्ता गरेको देखिन्छ भने २३.४ प्रतिशतको जन्मदर्ता नगरेको देखिन्छ । जन्म दर्ता गरेको संख्यामध्ये बालिकाको संख्या बालकको संख्याभन्दा ०.९ प्रतिशत बिन्दुले बढी रहेको छ ।

**तालिका १: विशेष उमेर समूहअनुसार जनसंख्याको संरचना**

| उमेर समूह | नेपाल | | मधेश प्रदेश | |
|---|---|---|---|---|
| | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत |
| १ वर्ष भन्दा कम | ४११११५९ | १.४१ | ९६९३९ | १.५९ |
| ०-५ वर्ष | २४३९२८३ | ८.३६ | ६४११२२ | १०.४९ |
| ०-१४ वर्ष | ८११५५७५ | २७.८३ | २०२८२४२ | ३३.१७ |
| ०-१८ वर्ष | १०५७७९६९ | ३६.२७ | २५७०९४७ | ४२.०५ |
| १६-२४ वर्ष | ५१४२३३६ | १७.६३ | १०६४२४१ | १७.४० |
| १६-४० वर्ष | १२४१२१७३ | ४२.५६ | २५३१३४८ | ४१.४० |
| १६ वर्ष वा सो भन्दा माथि | २०४४१८७५ | ७०.०९ | ३९५३७४६ | ६४.६६ |
| १५-५९ वर्ष | १८०७१६८५ | ६१.९६ | ३५२७२५१ | ५७.६९ |
| १५-४९ वर्षका महिला (% कुल महिला मध्ये) | ८२३२१८१ | ५५.२१ | १५९९३२१ | ५२.४६ |
| ६० वर्ष वा सो भन्दा माथि | २९७७३१८ | १०.२१ | ५५९१०७ | ९.१४ |
| ६८ वर्ष वा सो भन्दा माथि | १५२४७६३ | ५.२३ | २७९९०६ | ४.५८ |

## तालिका २: भौगोलिक क्षेत्र अनुसार परिवार संख्या र जनसंख्या, २०७८

| क्षेत्र | जम्मा परिवार संख्या | जनसंख्या | | | परिवारको औसत आकार | लैङ्गिक अनुपात (प्रति सय महिलामा पुरुषको संख्या) | जन-घनत्व | जनसंख्या २०६८ |
|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | | | | |
| नेपाल | ६६६६९३७ | २९१६४५७८ | १४२५३५५१ | १४९११०२७ | ४.३७ | ९५.५९ | १९८ | २६४९४५०४ |
| प्रदेश | | | | | | | | |
| मधेश प्रदेश | ११५६७१५ | ६११४६०० | ३०६५७५१ | ३०४८८४९ | ५.२९ | १००.५५ | ६३३ | ५४०४१४५ |
| जिल्ला | | | | | | | | |
| सप्तरी | १४६८५४ | ७०६२५५ | ३५१३६८ | ३५४८८७ | ४.८१ | ९९.०१ | ५१८ | ६३९२८४ |
| सिराहा | १४८५७१ | ७३९९५३ | ३६३७२४ | ३७६२२९ | ४.९८ | ९६.६८ | ६२३ | ६३७३२८ |
| धनुषा | १७७१४३ | ८६७७४७ | ४२९८९३ | ४३७८५४ | ४.९० | ९८.१८ | ७३५ | ७५४७७७ |
| महोत्तरी | १३७९०२ | ७०६९९४ | ३४९१५९ | ३५७८३५ | ५.१३ | ९७.५८ | ७०६ | ६२७५८० |
| सर्लाही | १६४८९३ | ८६२४७० | ४३५१३१ | ४२७३३९ | ५.२३ | १०१.८२ | ६८५ | ७६९७२९ |
| रौतहट | १३७०३२ | ८१३५७३ | ४०८४०३ | ४०५१७० | ५.९४ | १००.८० | ७२३ | ६८६७२२ |
| बारा | १३१२४० | ७६३१३७ | ३८९७८७ | ३७३३५० | ५.८१ | १०४.४० | ६४१ | ६८७७०८ |
| पर्सा | ११३०८० | ६५४४७१ | ३३८२८६ | ३१६१८५ | ५.७९ | १०६.९९ | ४८४ | ६०१०१७ |

| वार्षिक जन-संख्या वृद्धिदर (%) | अनुपस्थित (अक्सर विदेशमा बस्ने) जनसंख्या | | | | | अपाङ्गता भएको जनसंख्या | | | ५ वर्ष वा सो भन्दा बढी उमेरका साक्षर जनसंख्या (%) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिवार संख्या* | जम्मा जनसंख्या | पुरुष | महिला | प्रतिशत** | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला |
| ०.९२ | १५५५९६१ | २१९०५९२ | १७९९६७५ | ३९०९१७ | १०० | ६४७७४४ | ३५१३०१ | २९६४४३ | ७६.२५ | ८३.५५ | ६९.३७ |
| | | | | | | | | | | | |
| १.१९ | २५२०१५ | ३०४२८६ | २९२४२७ | ११८५९ | १३.८९ | ९१४०० | ५१९४० | ३९४६० | ६३.५३ | ७२.४५ | ५४.७० |
| | | | | | | | | | | | |
| ०.९६ | २८७८३ | ३३५१० | ३२३३८ | ११७२ | १.५३ | १०७८३ | ६२८२ | ४५०१ | ६७.६९ | ७८.१९ | ५७.४९ |
| १.४३ | ४७९३५ | ५६४९१ | ५५५३० | ९६१ | २.५८ | ११९४५ | ६८४७ | ५०९८ | ६५.११ | ७४.८१ | ५५.९९ |
| १.३४ | ६१००० | ७३६८८ | ७१९२० | १७६८ | ३.३६ | १३२३१ | ७४७० | ५७६१ | ६५.२२ | ७४.५८ | ५६.३१ |
| १.१४ | ४२४३६ | ५२६७४ | ५१०७० | १६०४ | २.४० | ११०४५ | ६४६६ | ४५७९ | ५९.७७ | ६८.३७ | ५१.५५ |
| १.०९ | २९०५४ | ३५०८४ | ३२६६९ | २४१५ | १.६० | १३४७४ | ७७६२ | ५७१२ | ६०.३१ | ६८.२३ | ५२.३४ |
| १.६३ | १८९९५ | २३८९२ | २२६४५ | १२४७ | १.०९ | १०८४७ | ६०५८ | ४७८९ | ५७.७५ | ६६.०२ | ४९.४८ |
| १.०० | १४४७२ | १७३५७ | १५८२४ | १५३३ | ०.७९ | १०७३१ | ५८८० | ४८५१ | ६४.५४ | ७३.१४ | ५५.६३ |
| ०.८२ | ९३४० | ११५९० | १०४३१ | ११५९ | ०.५३ | ९३४४ | ५१७५ | ४१६९ | ६९.१२ | ७७.७२ | ५९.९८ |

*कम्तिमा एक जना विदेशमा बसोबास गर्ने परिवार

**अक्सर विदेशमा बस्ने कुल जनसंख्या मध्ये प्रदेश तथा जिल्लाको %

## तालिका ३: स्थानीय तह अनुसार परिवार संख्या र जनसंख्या विवरण

| स्थानीय तह | २०६८ | | २०७८ | | | | | | | | साक्षरता दर (प्रतिशतमा) (५ वर्ष वा सो भन्दा माथि) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिवार संख्या | जम्मा जनसंख्या | परिवार संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसंख्या वृद्धिदर (%) | जन-घनत्व | जम्मा | पुरुष | महिला |
| समग्री | | | | | | | | | | | | | |
| अग्निसाइर कृष्णसवरन गाउँपालिका | ५४२२ | २७१२९ | ६५८१ | ३१६३४ | १५४१० | १६२२४ | ४.८१ | ९४.९८ | १.४७ | ३०७ | ६९.१४ | ७७.६५ | ६१.२१ |
| बलान बिहुल गाउँपालिका | ३९७६ | २१८१९ | ४९४८ | २३५२७ | ११८२३ | ११७०४ | ४.७५ | १०१.०२ | ०.७२ | ७१२ | ६३.७८ | ७६.१६ | ५१.५४ |
| राजगढ गाउँपालिका | ५२४२ | २९४५९ | ६६७५ | ३२४६२ | १६११७ | १६३४५ | ४.८६ | ९८.६१ | ०.९३ | ६७७ | ६२.२२ | ७३.६२ | ५१.१८ |
| बिष्णुपुर गाउँपालिका | ४३७० | २३०३८ | ५४६५ | २७७०३ | १४०९९ | १३६०४ | ५.०७ | १०३.६४ | १.७७ | ७५७ | ६८.४३ | ७९.८२ | ५६.८६ |
| बोदेबरसाईन नगरपालिका | ८०२२ | ४३२२९ | ९७२२ | ४६०१७ | २२९१८ | २३०९९ | ४.७३ | ९९.२२ | ०.६० | ७८१ | ६७.९८ | ८०.०५ | ५६.३२ |
| छिन्नमस्ता गाउँपालिका | ५४३९ | २८३९० | ६१७० | २९९४६ | १५१०० | १४८४६ | ४.८५ | १०१.७१ | ०.५१ | ७७४ | ६३.९७ | ७६.१२ | ५१.८० |
| डाक्नेश्वरी नगरपालिका | ८१४९ | ४२७५४ | १०००२ | ४७७३९ | २३६९० | २४०४९ | ४.७७ | ९८.५१ | १.०६ | ६९१ | ६३.८८ | ७१.३८ | ५६.८१ |
| हनुमाननगर कङ्कालिनी नगरपालिका | ८१५२ | ५५७३४ | १०६४५ | ५२७९६ | २६७६५ | २६०३१ | ४.९६ | १०२.८२ | १.३८ | ५५७ | ६५.३१ | ७५.१५ | ५५.३२ |
| कञ्चनरुप नगरपालिका | १०१९२ | ५३२८८ | १२५३५ | ५८५६६ | २८६३९ | २९८२७ | ४.६६ | ९६.०२ | ०.८९ | ४९८ | ६७.३५ | ७६.५५ | ५८.६५ |
| खडक नगरपालिका | ८६१५ | ५५३६८ | ११०६९ | ५२७७८ | २५५८० | २७१९८ | ४.७७ | ९३.३४ | १.४५ | ५४५ | ६९.६० | ८०.८९ | ५९.३५ |
| महादेवा गाउँपालिका | ५३९५ | २८५४२ | ६२७९ | ३०३१५ | १५२२५ | १५०९० | ४.८३ | १००.८९ | ०.५८ | ८६७ | ५९.८५ | ७०.३० | ४९.५८ |
| राजविराज नगरपालिका | १३३५० | ६८३९६ | १४१३३ | ७०८०३ | ३६२८४ | ३४५१९ | ५.०१ | १०५.११ | ०.३३ | १२७३ | ७६.५६ | ८५.३४ | ६७.४३ |
| रुपनी गाउँपालिका | ५०१२ | २६३८७ | ६३२४ | २९८७७ | १४७२१ | १५१५६ | ४.७२ | ९७.१३ | १.१९ | ५३३ | ६६.४३ | ७८.३२ | ५५.१८ |
| सप्तकोशी नगरपालिका | ४५३९ | २११३१ | ५२१८ | २३५१० | ११३९८ | १२११२ | ४.५१ | ९४.११ | १.०२ | ३९० | ७४.१६ | ८१.५५ | ६७.२७ |
| शम्भुनाथ नगरपालिका | ६७६४ | ३५२१३ | ८६७९ | ३९६३४ | १९००६ | २०६२८ | ४.५७ | ९२.१४ | १.१४ | ३६५ | ६७.१२ | ७७.६५ | ५७.७० |
| सुरुङ्गा नगरपालिका | ८६५० | ४४२२२ | १०४८७ | ४९४६० | २३७१५ | २५७४५ | ४.७२ | ९२.११ | १.०७ | ४६२ | ६७.६९ | ७८.१४ | ५८.२८ |

| स्थानीय तह | २०६८ | | २०७८ | | | | | | | | साक्षरता दर (प्रतिशतमा) (५ वर्ष वा सो भन्दा माथि) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिवार संख्या | जम्मा जनसंख्या | परिवार संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसंख्या वृद्धिदर (%) | जन-घनत्व | जम्मा | पुरुष | महिला |
| तिलाठी कोईलाडी गाउँपालिका | ५६९७ | ३१७३५ | ६७६८ | ३३६५८ | १७१३१ | १६५२७ | ४.९७ | १०३.६५ | ०.५६ | १०२३ | ६४.८६ | ७६.११ | ५३.३५ |
| तिरहुत गाउँपालिका | ४०७८ | २२०१० | ५११६ | २४०३४ | १२०५६ | ११९७८ | ४.७० | १००.६५ | ०.८४ | ६३६ | ६२.४४ | ७२.०० | ५३.०० |
| संस्थागत | ३४ | १४४० | ३८ | १८९६ | १७९१ | १०५ | | | | | ९९.३१ | ९९.२७ | १००.०० |
| जम्मा | १२१०९८ | ६३९२८४ | १४६८५४ | ७०६२४५ | ३५१३६८ | ३५४८८७ | ४.८१ | ९९.०१ | ०.९६ | ५१८ | ६७.६९ | ७८.१९ | ५७.४९ |
| सिरहा | | | | | | | | | | | | | |
| अर्नमा गाउँपालिका | ५०४३ | २२९१२ | ५१३९ | २६८९९ | १३५९२ | १३३०७ | ५.३१ | ९५.०० | १.८९ | ७३९ | ६६.१४ | ७६.३९ | ५६.३८ |
| औरही गाउँपालिका | ४२५५ | २३०४६ | ५४६९ | २६४७८ | १३१६६ | १३३१२ | ४.८४ | ९८.९० | १.३३ | ७३८ | ६३.७६ | ७४.५९ | ५३.९६ |
| बरियारपट्टी गाउँपालिका | ४२६४ | २५२५६ | ५६८६ | २९७१२ | १४७१६ | १४९९६ | ५.२३ | ९८.१३ | १.५६ | ७८८ | ६७.१४ | ७७.८८ | ५६.८५ |
| भगवानपुर गाउँपालिका | ३६६१ | २०९५७ | ४६०६ | २३३८० | ११४८१ | ११८९९ | ५.०८ | ९६.४९ | १.०५ | ७०८ | ६५.२४ | ७७.४७ | ५३.७१ |
| बिष्णुपुर गाउँपालिका | ३४६९ | १८५२२ | ४५६६ | २२७८१ | ११३२१ | ११४६० | ४.९९ | ९८.७९ | १.९९ | ८६५ | ६८.४३ | ७९.८२ | ५६.८६ |
| धनगढीमाई नगरपालिका | ८७५७ | ४७४४९ | १०८४२ | ५३३५५ | २६०३८ | २७३१७ | ४.९२ | ९५.३२ | १.१३ | ३३४ | ६९.३२ | ७८.३५ | ६०.८८ |
| गोलबजार नगरपालिका | १०११० | ५२१३७ | १३१३३ | ६३८८५ | ३१६११ | ३२२७४ | ४.८६ | ९७.९५ | १.९५ | ५७१ | ६७.५० | ७५.६३ | ५९.६८ |
| कल्याणपुर नगरपालिका | ९३९१ | ४९२९० | ११८३५ | ५८८७२ | २८१९८ | ३०६७४ | ४.९७ | ९१.९३ | १.७० | ७६६ | ६०.९८ | ७१.२१ | ५१.९७ |
| कर्जन्हा नगरपालिका | ६०८८ | ३०९६७ | ८२८९ | ३८५५७ | १८६४९ | १९९०८ | ४.६५ | ९३.६८ | २.१० | ५०२ | ६१.७९ | ७०.३९ | ५४.०० |
| लहान नगरपालिका | १७१८२ | ९१७६६ | २०५७७ | १०२०३१ | ५०५६७ | ५१४६४ | ४.९६ | ९८.२६ | १.०२ | ६१० | ६९.१५ | ७८.४८ | ६०.१७ |
| लक्ष्मीपुर पतारी गाउँपालिका | ४८३० | २८०५४ | ६०४४ | ३१११८ | १५०६८ | १६०५० | ५.१५ | ९३.८८ | ०.९९ | ७३५ | ६४.७९ | ७५.३५ | ५५.१५ |

| स्थानीय तह | २०६८ | | २०७८ | | | | | | | | साक्षरता दर (प्रतिशतमा) (५ वर्ष वा सो भन्दा माथि) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिवार संख्या | जम्मा जनसंख्या | परिवार संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसंख्या वृद्धिदर (%) | जन-घनत्व | जम्मा | पुरुष | महिला |
| मिर्चैया नगरपालिका | ९३३३ | ४८९११ | १२२५० | ५९४२५ | २९५७१ | २९८५४ | ४.८५ | ९९.०५ | १.८७ | ६४६ | ६६.०६ | ७५.२० | ५७.२२ |
| नरहा गाउँपालिका | ३६७३ | १९३६९ | ४३७३ | २२७६० | ११२६४ | ११४९६ | ५.२० | ९७.९८ | १.५५ | ७७७ | ६०.८७ | ६९.७८ | ५२.३३ |
| नवराजपुर गाउँपालिका | ३२८० | १९०१९ | ४२२६ | २०७८८ | १०१८९ | १०५९९ | ४.९२ | ९६.१३ | ०.८५ | ६४६ | ५७.६५ | ६९.०८ | ४६.९९ |
| सखुवानान्कारकट्टी गाउँपालिका | ३३८८ | १८५५८ | ४२३६ | २०८४४ | १०२०६ | १०६३८ | ४.९२ | ९५.९४ | १.११ | ६३५ | ६६.४८ | ७७.६५ | ५६.०९ |
| सिराहा नगरपालिका | १५४७७ | ८२५३१ | १८९१७ | ९५४१० | ४६७५३ | ४८६५७ | ५.०४ | ९६.०९ | १.३९ | १०१३ | ६३.०४ | ७३.०३ | ५३.७७ |
| सुखीपुर नगरपालिका | ६७३४ | ३६८८३ | ८३२१ | ४२०३३ | २०७७७ | २१२५६ | ५.०५ | ९७.७५ | १.२५ | ७६७ | ६३.५२ | ७२.९५ | ५४.५८ |
| संस्थागत | ३३ | १७०१ | २२ | ६२५ | ५५७ | ६८ | | | | | ९६.९७ | ९७.५८ | ९१.३८ |
| जम्मा | ११७९६२ | ६३७३२८ | १४८५७१ | ७३९९५३ | ३६३७२४ | ३७६२२९ | ४.९८ | ९६.६८ | १.४३ | ६२३ | ६५.११ | ७४.८१ | ५५.९९ |
| धनुषा | | | | | | | | | | | | | |
| औरही गाउँपालिका | ५००३ | २२५६८ | ५६९३ | २५०५३ | ११६८९ | १२३६४ | ५.०२ | ९४.५४ | ०.६१ | ९४१ | ६३.७६ | ७४.५९ | ५३.९६ |
| बटेश्वर गाउँपालिका | ३६७१ | २१५३० | ५६५३ | २१७४२ | १०७०८ | ११०३४ | ४.६८ | ९७.०५ | ०.०९ | ६८७ | ६८.६७ | ७७.४८ | ६०.३९ |
| विदेह नगरपालिका | ५८१७ | ३२२६६ | ७६७१ | ३६६१७ | १८१५४ | १९५४३ | ४.९१ | ९२.८९ | १.४९ | ८२८ | ६१.८० | ७२.३० | ५२.४० |
| क्षिरेश्वरनाथ नगरपालिका | ७७७५ | ४१७९३ | १०७३३ | ५१०७५ | २५५७६ | २५४९९ | ४.७६ | १००.३० | १.९२ | १००४ | ६०.५४ | ६८.८२ | ५२.५१ |
| धनौजी गाउँपालिका | ३७१७ | २१३९५ | ४४०८ | २१९४२ | १०५५६ | ११३८६ | ४.९८ | ९२.७१ | ०.२४ | ९९२ | ६२.६५ | ७३.२३ | ५३.२४ |
| धनुषाधाम नगरपालिका | ८७१५ | ४५५८५ | १०५८८ | ५२०२४ | २५१८५ | २६८३९ | ४.९१ | ९३.८४ | १.२७ | ५६८ | ६०.४५ | ७०.६४ | ५१.२१ |
| गणेशमान चारनाथ नगरपालिका | ७०३७ | ३६३३८ | ९१६७ | ४४०८२ | २१४२५ | २२६५७ | ४.८१ | ९४.५६ | १.८५ | १८० | ६४.८५ | ७३.७६ | ५६.६९ |
| हंसपुर नगरपालिका | ६९१२ | ३८२१६ | ८८९० | ४४९४९ | २१८३४ | २३११५ | ५.०६ | ९४.४६ | १.५६ | ९२३ | ६२.५० | ७२.४२ | ५३.५७ |

| स्थानीय तह | २०६८ | | २०७८ | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | साक्षरता दर (प्रतिशतमा) (५ वर्ष वा सो भन्दा माथि) | | |
| | परिवार संख्या | जम्मा जनसंख्या | परिवार संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसंख्या वृद्धिदर (%) | जन-घनत्व | जम्मा | पुरुष | महिला |
| जनकनन्दिनी गाउँपालिका | ४४६१ | २५३३८ | ५३७९ | २७१४६ | १२९६३ | १४१८३ | ५.०५ | ९१.४० | ०.६६ | ९८३ | ५६.८२ | ६६.७० | ४८.१८ |
| जनकपुरधाम उपमहानगरपालिका | ३०५८९ | १६२१७२ | ४०४०९ | १९४५५६ | ९९७६४ | ९४७९२ | ४.८१ | १०५.२५ | १.७५ | २११५ | ७६.६५ | ८४.५५ | ६८.४९ |
| कमला नगरपालिका | ६९९९ | ३८६२४ | ८९७९ | ४४५९७ | २१५५९ | २३०३८ | ४.९७ | ९३.५८ | १.३८ | ६७७ | ५६.१२ | ६५.७९ | ४७.४२ |
| लक्ष्मीनिया गाउँपालिका | ४९९५ | २८२५१ | ६३०१ | ३१८८१ | १५८४७ | १६०३४ | ५.०६ | ९८.८३ | १.१६ | १०४० | ६१.६० | ७१.५६ | ५२.१५ |
| मिथिला बिहारी नगरपालिका | ६०६६ | ३३५५६ | ७६५४ | ३८२७३ | १८९१६ | १९३५७ | ५.०० | ९७.७२ | १.२६ | १०१८ | ६३.०९ | ७३.७४ | ५३.१० |
| मिथिला नगरपालिका | ८२२९ | ४५१६४ | १०६५६ | ४८६७६ | २४३१४ | २४३६२ | ४.५७ | ९९.८० | ०.७२ | २२१ | ७२.५० | ७९.९५ | ६५.२४ |
| मुखियापट्टी मुसहरमिया गाउँपालिका | ४१३० | २५५८८ | ५४३१ | २८२०८ | १४१६९ | १४०३९ | ५.१९ | १००.९३ | ०.९८ | १०५१ | ५५.५९ | ६२.५६ | ४६.७४ |
| नगराइन नगरपालिका | ६३६५ | ३५५८३ | ७९२१ | ३८०३७ | १८६०१ | १९४३६ | ४.८० | ९५.७० | ०.६४ | ९७५ | ६२.६८ | ७१.९६ | ५४.०९ |
| सबैला नगरपालिका | १००७३ | ५२३८९ | १२३४० | ६२२८२ | ३००९४ | ३२१८८ | ५.०५ | ९३.४९ | १.६६ | ९६६ | ५९.३४ | ६९.२६ | ५०.४९ |
| शहीदनगर नगरपालिका | ८६७१ | ४७४२२ | ११९२४ | ५३८१२ | २६२०८ | २७६०४ | ४.८४ | ९४.९४ | १.२१ | ९३८ | ५७.७६ | ६८.४१ | ४८.०९ |
| संस्थागत | २४ | १०९५ | ५२ | २७१५ | २३३१ | ३८४ | | | | | ९६.३१ | ९६.२६ | ९६.६१ |
| जम्मा | १३८२४९ | ७५४७७७ | १७७१४३ | ८६७७४७ | ४२९८९३ | ४३७८५४ | ५.१० | ९६.१८ | १.३४ | ७३५ | ६५.२२ | ७४.५८ | ५६.३१ |
| महोत्तरी | | | | | | | | | | | | | |
| औरही नगरपालिका | ५८२२ | ३१८५१ | ७०४२ | ३७३६१ | १८७११ | १८६५० | ५.३१ | १००.३३ | १.४३ | १०४५ | ५५.६५ | ६४.०५ | ४७.३२ |
| बलवा नगरपालिका | ७६६१ | ४२३४१ | ९४३७ | ४९४७३ | २४२७७ | २५१९६ | ५.२४ | ९६.३५ | १.४९ | ११२३ | ५१.८७ | ६०.६६ | ४३.६० |
| बर्दिबास नगरपालिका | १३११३ | ६४२१२ | १६८२४ | ७४३६१ | ३६७११ | ३७६५० | ४.४२ | ९७.५१ | १.४१ | २३६ | ७२.५२ | ७९.६८ | ६५.६५ |
| भँगाहा नगरपालिका | ८५६० | ४६७५७ | १०९१५ | ५५३५४ | २६७३४ | २८६२० | ५.०७ | ९३.४१ | १.६२ | ७१७ | ५७.२२ | ६७.०५ | ४८.२६ |

| स्थानीय तह | २०६८ | | २०७८ | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिवार संख्या | जम्मा जनसंख्या | परिवार संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसंख्या वृद्धिदर (%) | जन-घनत्व | साक्षरता दर (प्रतिशतमा) (५ वर्ष वा सो भन्दा माथि) जम्मा | पुरुष | महिला |
| एकडारा गाउँपालिका | ४८०९ | २९३१५ | ५९३८ | ३१७७० | १५९१० | १५८६० | ५.३५ | १००.३२ | ०.७७ | १३२४ | ५८.६६ | ६६.६३ | ५०.७५ |
| गौशाला नगरपालिका | ११८९३ | ६६६७७ | १४४४६ | ७२४८१ | ३६२५० | ३६२३१ | ५.०२ | १००.०५ | ०.८० | ५०१ | ६०.९७ | ६९.१७ | ५२.८९ |
| जलेश्वर नगरपालिका | १००३४ | ५७५४९ | १२३८० | ६३८०२ | ३१३९१ | ३२४११ | ५.१५ | ९६.८५ | ०.९९ | १४४२ | ६७.५९ | ७६.९८ | ५८.६८ |
| लोहरपट्टी नगरपालिका | ७३१७ | ३९८८३ | ९१३३ | ४५७७३ | २१९४६ | २३८२७ | ५.०१ | ९२.११ | १.३२ | ९१४ | ५६.१४ | ६५.४३ | ४७.८८ |
| महोत्तरी गाउँपालिका | ४८६१ | २७४३० | ५६८७ | २८८०७ | १४०१२ | १४७९५ | ५.०७ | ९४.७१ | ०.४७ | १०२६ | ६०.३७ | ७०.४९ | ५१.०६ |
| मनरा शिसवा नगरपालिका | ८५३२ | ४९६९२ | १००५० | ५२१९१ | २५६७९ | २६५१२ | ५.१९ | ९६.८६ | ०.४७ | १०४९ | ५८.८५ | ६७.१२ | ५१.०१ |
| मटिहानी नगरपालिका | ५२२६ | ३१०२६ | ६७०९ | ३६१३६ | १७५५२ | १८५८४ | ५.३९ | ९४.४५ | १.४६ | १२४५ | ५७.५२ | ६६.९४ | ४८.७७ |
| पिपरा गाउँपालिका | ६४९० | ३५५२४ | ८३०२ | ४०५३५ | २०२९३ | २०२४२ | ५.८८ | १००.२५ | १.२७ | १०१५ | ६०.४३ | ६८.८५ | ५२.२० |
| रामगोपालपुर नगरपालिका | ५२५७ | ३०९१२ | ६६०६ | ३६२०१ | १८०९१ | १८११० | ५.४८ | ९९.९० | १.६३ | ९१६ | ५६.१० | ६४.२८ | ४८.०५ |
| साम्सी गाउँपालिका | ५३८८ | ३३३९१ | ६८१५ | ३८५८४ | १८७१२ | १९८७२ | ५.६६ | ९४.१६ | १.२७ | १०८९ | ५१.१५ | ५८.३१ | ४४.५६ |
| सोनमा गाउँपालिका | ६३४७ | ३८३५७ | ७६०२ | ४३०८२ | २११२२ | २१९६० | ५.६७ | १०३.६० | १.०२ | ७५६ | ५६.१४ | ६५.०६ | ४३.०५ |
| संस्थागत | १८ | २३७३ | ९६ | १०८२ | ९६८ | ११४ | | | | | ७७.५७ | ७९.४० | ६१.४७ |
| जम्मा | ११९३१६ | ६२७५८० | १३७१०२ | ७०६९९४ | ३४९१५९ | ३५७८३५ | ५.१३ | ९७.५८ | १.१४ | ७०६ | ५१.७७ | ६८.३७ | ५१.५५ |
| [redacted] | | | | | | | | | | | | | |
| बागमती नगरपालिका | ७९८४ | ४०३९९ | १०७६८ | ४७१०६ | २३०१५ | २४०९१ | ४.३७ | ९५.५३ | १.४७ | ४६६ | ६८.५८ | ७५.७४ | ६१.८२ |
| बलरा नगरपालिका | ७६९३ | ४५१९४ | ८६२२ | ४७९१२ | २४७७१ | २३१४१ | ५.५६ | १०७.०४ | ०.५६ | ९८७ | ५४.४८ | ६२.२३ | ४६.१५ |

| स्थानीय तह | २०६८ | | २०७८ | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिवार संख्या | जम्मा जनसंख्या | परिवार संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसंख्या वृद्धिदर (%) | जन-घनत्व | साक्षरता दर (प्रतिशतमा) (५ वर्ष वा सो भन्दा माथि) | | |
| | | | | | | | | | | | जम्मा | पुरुष | महिला |
| बरहथवा नगरपालिका | ११८५३ | ६९८२२ | १५३४३ | ८११२० | ४०९१५ | ४०२०५ | ५.२९ | १०१.७७ | १.४४ | ७५८ | ६०.७९ | ६९.०१ | ५२.५५ |
| बसबरिया गाउँपालिका | ३६९९ | २३५६८ | ४५८६ | २५९०५ | १३२३७ | १२६६८ | ५.६५ | १०४.४९ | ०.९१ | ८८१ | ५१.०१ | ५९.३६ | ४२.३८ |
| विष्णु गाउँपालिका | ४००८ | २४७४८ | ५२७२ | २८५७० | १४७७८ | १३७९२ | ५.४२ | १०७.१५ | १.३८ | १०१७ | ५३.७० | ६०.९७ | ४५.८९ |
| ब्रह्मपुरी गाउँपालिका | ४७३५ | २९८३२ | ५९३९ | ३१३७८ | १५५६९ | १५८०९ | ५.२८ | ९८.४८ | ०.४८ | ९२६ | ५४.२६ | ६२.८८ | ४५.९३ |
| चक्रघट्टा गाउँपालिका | ४४०९ | २७९५२ | ५०३९ | २९५५० | १५०८५ | १४४६५ | ५.८६ | १०४.२९ | ०.५३ | ११६४ | ५५.५२ | ६४.०९ | ४६.४६ |
| चन्द्रनगर गाउँपालिका | ५५४० | ३३३२८ | ६७१३ | ३६९०८ | १८७०५ | १८२०३ | ५.५० | १०२.७६ | ०.९८ | ७७३ | ५५.६२ | ६३.१६ | ४८.९१ |
| धनकौल गाउँपालिका | ३९६४ | २४७८८ | ५११२ | २७९७४ | १४४१० | १३५६४ | ५.४७ | १०६.२४ | १.१६ | ६०९ | ४८.०७ | ५६.५६ | ३९.१४ |
| गोडैटा नगरपालिका | ७९०२ | ४७६८७ | ९३०३ | ५४२७० | २७७०३ | २६५६७ | ५.८३ | १०४.२८ | १.२४ | १११६ | ६०.१५ | ६७.६९ | ५२.२८ |
| हरिपुर नगरपालिका | ६५१७ | ३७३५१ | ८३५० | ४३२३३ | २११४१ | २२०९२ | ५.१८ | ९५.७० | १.४० | ५०२ | ६०.३० | ६८.३६ | ५२.७२ |
| हरिपुर्वा नगरपालिका | ५९०४ | ३६०४२ | ७१४० | ३८७१४ | १९५५७ | १९१५७ | ५.४२ | १०२.०९ | ०.६९ | १२६९ | ५३.९१ | ६१.९४ | ४५.८० |
| हरिवन नगरपालिका | ८६०१ | ४३९२४ | १०७४० | ४९९८८ | २४४०५ | २५५८३ | ४.६५ | ९५.४० | १.२४ | ७४८ | ७१.०५ | ७८.४३ | ६४.१३ |
| ईश्वरपुर नगरपालिका | ११०७३ | ५९९८६ | १३५२१ | ६८३७७ | ३३८०८ | ३४५६९ | ५.०६ | ९७.८० | १.२६ | ४१७ | ६३.७४ | ७२.२५ | ५५.५२ |
| कविलासी नगरपालिका | ६८७१ | ४२३३६ | ८१३० | ४४२०४ | २२४५२ | २१७५२ | ५.४४ | १०३.२२ | ०.४१ | ९१९ | ५३.२१ | ६१.२८ | ४४.९८ |
| कौडेना गाउँपालिका | ४०७३ | २६०८५ | ५४७६ | २८७०२ | १४४३८ | १४२६४ | ५.२४ | १०१.२२ | ०.९२ | ११३३ | ५१.३३ | ५९.३० | ४३.३४ |
| लालबन्दी नगरपालिका | १२२३८ | ५९३९५ | १४८७३ | ६६४१९ | ३२८८३ | ३३५३६ | ४.४७ | ९८.०५ | १.०७ | २७८ | ७३.७१ | ८०.९२ | ६६.७६ |
| मलंगवा नगरपालिका | ७९१२ | ४६५१६ | १००३३ | ५४५५० | २७८४९ | २६७०१ | ५.४४ | १०४.३० | १.५३ | १७९२ | ६८.२३ | ७६.१८ | ६०.०४ |
| पर्सा गाउँपालिका | ३३४२ | २१६५० | ४४८७ | २४००५ | १२१५७ | ११८४८ | ५.३५ | १०२.६१ | ०.९९ | १०३८ | ५८.१९ | ६६.६५ | ४९.५८ |

| स्थानीय तह | २०६८ | | २०७८ | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिवार संख्या | जम्मा जनसंख्या | परिवार संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसंख्या वृद्धिदर (%) | जन-घनत्व | साक्षरता दर (प्रतिशतमा) (५ वर्ष वा सो भन्दा माथि) | | |
| | | | | | | | | | | | जम्मा | पुरुष | महिला |
| रामनगर गाउँपालिका | ४४८५ | २८७२७ | ५३७७ | ३१३६६ | १६२५० | १५११६ | ५.८३ | १०७.५० | ०.८४ | ११८६ | ५४.२२ | ६२.४७ | ४५.४२ |
| संस्थागत | ४१ | ३९९ | ६९ | २२१९ | २००३ | २१६ | | | | | ९३.१० | ९५.०४ | ७५.१२ |
| जम्मा | १३२५८४ | ७६९७२९ | १६४८९३ | ८६२४७० | ४३५१३१ | ४२७३३९ | ५.२३ | १०१.८२ | १.०९ | ६४५ | ६०.३१ | ६८.२३ | ५२.३४ |
| रौतहट | | | | | | | | | | | | | |
| बौधीमाई नगरपालिका | ४८०७ | ३३२६५ | ६०७८ | ३९३२५ | २०२२६ | १९०९९ | ६.४७ | १०५.९० | १.६१ | १११३ | ५४.८७ | ६३.४५ | ४५.८१ |
| वृन्दावन नगरपालिका | ६३७४ | ४२७३५ | ८१४२ | ४९७४२ | २४८९४ | २४८४८ | ६.११ | १००.१९ | १.४६ | ५२१ | ५४.२५ | ६३.५६ | ४४.९८ |
| चन्द्रपुर नगरपालिका | १३४४५ | ७२०५९ | १६८२० | ८१८०७ | ४०३०४ | ४१५०३ | ४.८६ | ९७.११ | १.२२ | ३२७ | ७०.८५ | ७८.२६ | ६३.७३ |
| देवाही गोनाही नगरपालिका | ४६९१ | ३२१४३ | ६२२२ | ३८६९० | १९२९५ | १९३९५ | ६.२२ | ९९.४८ | १.७८ | ११३८ | ५०.६७ | ५९.६३ | ४१.८१ |
| दुर्गा भगवती गाउँपालिका | ३८१२ | २२६९९ | ४१२४ | २२८६४ | ११५३३ | ११३३१ | ५.५४ | १०१.७८ | ०.०३ | ११५५ | ६१.१४ | ६८.३९ | ५३.७६ |
| गढीमाई नगरपालिका | ६०६९ | ४०४१० | ७३८३ | ४९१३५ | २५०४९ | २४०८६ | ६.३१ | १०५.०० | १.८८ | ९९४ | ५३.२५ | ६१.६२ | ४४.५८ |
| गरुडा नगरपालिका | ७४४४ | ५०४८१ | ९८६२ | ६०८५७ | ३०९५१ | २९९०६ | ६.१७ | १०३.५९ | १.७९ | १३६९ | ५७.६५ | ६६.७९ | ४८.२४ |
| गौर नगरपालिका | ५६३५ | ३७१३३ | ७२३५ | ३९८४६ | २०४२६ | १९४२० | ५.५१ | १०५.१८ | १.२६ | १८५१ | ६९.४६ | ७७.१४ | ६१.४० |
| गुजरा नगरपालिका | ७३९१ | ४६५९२ | ९५७५ | ५४०३३ | २६३९६ | २७६३७ | ५.६४ | ९५.५१ | १.४२ | ३५९ | ६१.८४ | ७०.२८ | ५३.८४ |
| ईशनाथ नगरपालिका | ५८३४ | ४१४३५ | ७९३७ | ५१८५५ | २५७७२ | २६०८३ | ६.५३ | ९८.८१ | २.१५ | १४७४ | ५६.४७ | ६२.५३ | ५०.४९ |
| कटहरिया नगरपालिका | ५९११ | ३८४१२ | ७६४२ | ४५८२१ | २३४८९ | २२३३२ | ६.०० | १०५.१८ | १.६९ | ११२६ | ५५.९२ | ६४.९७ | ४६.४५ |
| माधव नारायण नगरपालिका | ५४७९ | ३५१७५ | ७०२० | ४०८९४ | २१०३० | १९८६४ | ५.८३ | १०५.८७ | १.४५ | ८४३ | ५६.४४ | ६६.३२ | ४६.०२ |
| मौलापुर नगरपालिका | ३८३० | २६४२४ | ५२६८ | ३२३२५ | १६७२९ | १५५९६ | ६.१४ | १०७.२६ | १.९३ | ९३० | ५६.३८ | ६५.२८ | ४६.८८ |

| स्थानीय तह | २०६८ | | २०७८ | | | | | | | | साक्षरता दर (प्रतिशतमा) (५ वर्ष वा सो भन्दा माथि) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिवार संख्या | जम्मा जनसंख्या | परिवार संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसंख्या वृद्धिदर (%) | जन-घनत्व | जम्मा | पुरुष | महिला |
| परोहा नगरपालिका | ५३८० | ३७४५३ | ७०२४ | ४५७०२ | २२७०८ | २२९९४ | ६.५१ | ९८.७६ | १.९१ | १२२० | ५५.०० | ६३.०१ | ४७.१६ |
| फतुवा बिजयपुर नगरपालिका | ५६३३ | ३६३०८ | ७३५४ | ४२२१८ | २०९७५ | २१२४३ | ५.७४ | ९८.७४ | १.४५ | ६४७ | ५४.६८ | ६३.८३ | ४५.७३ |
| राजदेवी नगरपालिका | ५३६५ | ३०५६९ | ६१४६ | ३५६५८ | १७८७१ | १७७८७ | ५.८० | १००.४७ | १.४८ | १२६४ | ६१.२९ | ७०.८४ | ५१.८१ |
| राजपुर नगरपालिका | ५७६८ | ४१०७८ | ८०७८ | ५४०८३ | २६५७४ | २७५०९ | ६.७० | ९६.६० | २.६४ | १७२२ | ४६.८७ | ५१.८७ | ४२.१४ |
| यमुनामाई गाउँपालिका | ३७७६ | २३८८४ | ४७११ | २८४१४ | १३८८७ | १४५२७ | ६.०३ | ९५.५९ | १.६७ | १७०१ | ४१.८९ | ५१.४९ | ४२.७३ |
| संस्थागत | १६ | ६६३ | ७ | ३०४ | २९४ | १० | | | | | #### | #### | १००.०० |
| जम्मा | १०६६६८ | ८८६७२२ | १३७०३२ | ८१३५७३ | ४०८४०३ | ४०५१७० | ५.९४ | १००.८० | १.६३ | ७२३ | ५७.७५ | ६६.०२ | ४९.४८ |
| बारा | | | | | | | | | | | | | |
| आदर्श कोतवाल गाउँपालिका | ३९६० | २७५५२ | ४८८८ | ३१३६४ | १६०६७ | १५२९७ | ६.४२ | १०५.०३ | १.२४ | ८६५ | ५१.९१ | ६०.१६ | ४३.२८ |
| बारागढी गाउँपालिका | ४२७० | २७१९१ | ४९४० | २९५५५ | १४९०० | १४६५५ | ५.९८ | १०१.६७ | ०.८० | ७५२ | ६०.०७ | ६७.४४ | ५२.६२ |
| विश्रामपुर गाउँपालिका | ३३९५ | २३७८५ | ३८८६ | २४८९२ | १३१४५ | ११७४७ | ६.४१ | १११.९० | ०.४४ | १२५७ | ६४.५५ | ७४.०६ | ५३.९१ |
| देवताल गाउँपालिका | ३१८५ | २३२२३ | ३९८० | २५३६१ | १३०९१ | १२२७० | ६.३७ | १०६.६९ | ०.८५ | १०८८ | ५९.०५ | ६८.०५ | ४९.५२ |
| जीतपुर सिमरा उपमहानगरपालिका | २१६७० | ११७०९४ | २५६५० | १२७३०७ | ६३९२७ | ६३३८० | ४.९६ | १००.८६ | ०.८० | ४०८ | ७१.६७ | ७८.८८ | ६४.४७ |
| कलैया उपमहानगरपालिका | १८६८९ | १२३०२४ | २२१२५ | १३६२२२ | ७०३५८ | ६५८६४ | ६.१६ | १०६.८२ | ०.९८ | १२५० | ६८.१० | ७७.१६ | ५८.५२ |
| करैयामाई गाउँपालिका | ४१७३ | २६४८७ | ५०५१ | २९१६५ | १४६५१ | १४५१४ | ५.७७ | १००.९४ | ०.९२ | ६१२ | ६५.१८ | ७४.७३ | ५५.५९ |

| स्थानीय तह | २०६८ | | २०७८ | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिवार संख्या | जम्मा जनसंख्या | परिवार संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसंख्या वृद्धिदर (%) | जन-घनत्व | साक्षरता दर (प्रतिशतमा) (५ वर्ष वा सो भन्दा माथि) जम्मा | पुरुष | महिला |
| कोल्हवी नगरपालिका | ८१११ | ४४०३५ | १०५६१ | ५११८२ | २४८६२ | २६३२० | ४.८५ | ९४.४६ | १.४४ | ३२५ | ६५.७४ | ७४.७५ | ५७.३० |
| महागढीमाई नगरपालिका | ७७७३ | ५२३३६ | ९७६१ | ५९४२४ | ३०५५९ | २८८६५ | ६.०९ | १०५.८७ | १.२२ | १०७४ | ६१.४६ | ७०.५६ | ५१.९४ |
| निजगढ नगरपालिका | ७१६२ | ३५३३५ | ८४२४ | ३७६८७ | १८४४६ | १९२४१ | ४.४७ | ९५.८७ | ०.६२ | १३० | ७३.८१ | ८१.०६ | ६६.९६ |
| पचरौता नगरपालिका | ४७०७ | ३४१७३ | ६१६७ | ४०५२४ | २०८०२ | १९७२२ | ६.५७ | १०५.४८ | १.६४ | ९२१ | ५९.१९ | ६८.८२ | ४९.०६ |
| परवानीपुर गाउँपालिका | ३१६६ | २२७८७ | ३९७२ | २४७४५ | १३०४० | ११७०५ | ६.२३ | १११.४१ | ०.७९ | १५९९ | ६६.१४ | ७५.६७ | ५५.५९ |
| फेटा गाउँपालिका | ३५८५ | २५६५३ | ४२०२ | २८३९५ | १४५९२ | १३८०३ | ६.७६ | १०५.७२ | ०.९७ | १२०१ | ६४.४१ | ७३.०७ | ५५.२९ |
| प्रसौनी गाउँपालिका | ३६२६ | २५०४९ | ३९६८ | २५४१४ | १३१०० | १२३१४ | ६.४० | १०६.३८ | ०.१४ | १२५६ | ६७.३१ | ७७.५३ | ५६.५३ |
| सिम्रौनगढ नगरपालिका | ७०९३ | ४८५७० | ८५३१ | ५४८७८ | २८३३० | २६५४८ | ६.४३ | १०६.७१ | १.१७ | १२८७ | ५७.५२ | ६६.३२ | ४८.१६ |
| सुवर्ण गाउँपालिका | ४०३५ | २९५३७ | ५०७३ | ३५१४१ | १८१६४ | १६९७७ | ६.९३ | १०६.९९ | १.६७ | ९५४ | ४७.३० | ५५.८९ | ३८.११ |
| संस्थागत | ३५ | १८३७ | ६१ | १८८१ | १७५३ | १२८ | | | | | ९८.९३ | ९९.०३ | ९७.६२ |
| जम्मा | १०८६३५ | ६८६७०८ | १३१२४० | ७६३१३३ | ३८९७८३ | ३७३३५० | ५.८१ | १०४.४० | १.०० | ६४१ | ६४.५४ | ७३.१४ | ५५.६३ |
| पर्सा | | | | | | | | | | | | | |
| बहुदरमाई नगरपालिका | ५६८१ | ३९६७३ | ६९५७ | ४३४७८ | २२७३१ | २०७४७ | ६.२५ | १०९.५६ | ०.८८ | १३७८ | ६३.४१ | ७२.७४ | ५३.२८ |
| बिन्दबासिनी गाउँपालिका | ३५७६ | २४४६८ | ३८९२ | २४९९१ | १२८५४ | १२१३७ | ६.४२ | १०५.९१ | ०.२० | ९६० | ६६.२७ | ७७.४३ | ५४.५० |
| वीरगन्ज महानगरपालिका | ३९२८६ | २४०९२२ | ४७११४ | २७२३८२ | १४२१९५ | १३०१८७ | ५.७८ | १०९.२२ | १.१८ | २०६२ | ७६.०४ | ८३.६१ | ६७.८१ |

| स्थानीय तह | २०६८ | | २०७८ | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिवार संख्या | जम्मा जनसंख्या | परिवार संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसंख्या वृद्धिदर (%) | जन-घनत्व | साक्षरता दर (प्रतिशतमा) (५ वर्ष वा सो भन्दा माथि) जम्मा | पुरुष | महिला |
| छिपहरमाई गाउँपालिका | ३९८३ | २६६७१ | ४६६३ | २९०८२ | १४९८७ | १४०९५ | ६.२४ | १०६.३३ | ०.८३ | ११६८ | ६२.५९ | ७१.४४ | ५३.१९ |
| धोबीनी गाउँपालिका | २९७५ | १९९११ | ३४९९ | २२६०६ | ११६११ | १०९९५ | ६.४६ | १०५.६० | १.२२ | ९२६ | ६४.८६ | ७५.०४ | ५४.१३ |
| जगरनाथपुर गाउँपालिका | ४९५३ | ३२६६३ | ५५८२ | ३२६४९ | १६७३४ | १५९१५ | ५.८५ | १०५.१५ | ०.०० | ७२१ | ६२.६७ | ७०.०६ | ५४.९२ |
| जिराभवानी गाउँपालिका | ४११७ | २२७६५ | ४८७१ | २२६७७ | ११११५० | ११५२७ | ४.६६ | ९६.७३ | -०.०४ | ४०९ | ६१.३१ | ६९.५३ | ५३.४१ |
| कालिकामाई गाउँपालिका | ३०४२ | २११४१ | ३६९७ | २३४८० | १२१४८ | ११३३२ | ६.३५ | १०७.३८ | १.०१ | ९६५ | ६६.४६ | ७६.३७ | ५५.९१ |
| पकाहा मैनपुर गाउँपालिका | ३०३८ | २०७१७ | ३५३० | २२५८५ | ११७९८ | १०७८७ | ६.४० | १०९.३७ | ०.८३ | १०६२ | ६४.३७ | ७४.०७ | ५३.८४ |
| पर्सागढी नगरपालिका | ६४१२ | ३८६०७ | ७६३२ | ४१५६९ | २१०११ | २०५५८ | ५.४५ | १०२.२० | ०.७१ | ४१७ | ६४.५० | ७३.१० | ५५.८३ |
| पटेर्वा सुगौली गाउँपालिका | ४००२ | २३९०१ | ४७५३ | २५४९८ | १२८०२ | १२६९६ | ५.३६ | १००.८३ | ०.६२ | ३९७ | ६२.४३ | ७२.५३ | ५२.२९ |
| पोखरिया नगरपालिका | ४८७५ | ३२८८५ | ६०७६ | ३७६७५ | १९५६२ | १८११३ | ६.२० | १०८.०० | १.३० | ११६० | ६४.३६ | ७४.७८ | ५३.१३ |
| सखुवा प्रसौनी गाउँपालिका | ५३२९ | ३३०४८ | ६२९५ | ३५३९९ | १७६९७ | १७७०२ | ५.६२ | ९९.९७ | ०.६६ | ४७७ | ६१.८१ | ७०.८६ | ५२.८४ |
| ठोरी गाउँपालिका | ४२४७ | २०३९७ | ४४५२ | १७२१९ | ८०७९ | ९१४० | ३.८७ | ८८.३९ | -१.६३ | १३४ | ७०.९८ | ७९.३५ | ६३.७३ |
| संस्थागत | २० | ३२४८ | ६७ | ३१८१ | २९१७ | २६४ | | | | | ७७.८९ | ७९.४४ | ६०.४७ |
| जम्मा | ९५५३६ | ६०१०१७ | ११३०८० | ६५४४७१ | ३३८२८६ | ३१६१८५ | ५.७९ | १०६.९९ | ०.८२ | ४८४ | ६९.१२ | ७७.७२ | ५९.९६ |

## तालिका ४: नेपाल र मधेश प्रदेशका विभिन्न सूचकहरुको तुलनात्मक अवस्था

| जनसांख्यिक सुचकहरु | नेपाल | मधेश |
|---|---|---|
| जम्मा जनसंख्या | २९१६४५७८ | ६११४६०० |
| पुरुष | १४२५३५५१ | ३०६५७५१ |
| पुरुष (%) | ४८.८७ | ५०.१४ |
| महिला | १४९११०२७ | ३०४८८४९ |
| महिला (%) | ५१.१३ | ४९.८६ |
| लैङ्गिक अनुपात प्रति १०० जना महिलामा पुरुषको संख्या | ९५.५९ | १००.५५ |
| अन्य लिङ्गीको जनसंख्या | २९२८ | ७२९ |
| वार्षिक जनसंख्या वृद्धिदर | ०.९२ | १.१९ |
| सबैभन्दा बढी वार्षिक जनसंख्या वृद्धिदर भएको जिल्ला (%) | भक्तपुर (३.३५) | रौतहट (१.६३) |
| सबैभन्दा कम वार्षिक जनसंख्या वृद्धिदर भएको जिल्ला (%) | रामेछाप (-१.६७) | पर्सा (०.८२) |
| जनघनत्व (प्रति वर्ग कि.मी. जनसंख्या) | १९८ | ६३३ |
| कुल परिवार संख्या संस्थागत समेत | ६६६६९३७ | ११५६७१५ |
| परिवारको औसत आकार (%) | ४.३७ | ५.२९ |
| परिवारको औसत आकार सबैभन्दा बढि भएको जिल्ला (%) | रौतहट (५.९४) | रौतहट (५.९४) |
| परिवारको औसत आकार सबैभन्दा कम भएको जिल्ला (%) | गोरखा र दोलखा (३.४९) | सप्तरी (४.८१) |
| नगरपालिकाको कुल जनसंख्या (%) | ६६.१७ | ७३.० |
| गाउँपालिकाको कुल जनसंख्या (%) | ३३.८३ | २७.० |
| घर वा आवासीय एकाइको आफ्नै स्वामित्व (%) | ८६.० | ९६.६ |
| खानेपानीको मुख्य स्रोत (अक्सर धारा/पाइप प्रयोग गर्ने परिवार) (%) | ५७.० | २२.६ |
| खाना पकाउन अक्सर काठ दाउरा प्रयोग गर्ने परिवार (%) | ५१.० | ५८.६ |
| बत्ती बाल्न अक्सर विजुली प्रयोग गर्ने परिवार (%) | ९२.२ | ९७.९ |

| जनसांख्यिक सुचकहरु | नेपाल | मधेश |
|---|---|---|
| शौचालयको सुविधा प्रयोग गर्ने परिवार (%) | ९५.५ | ८८.० |
| परिवारमा महिलाको नाममा घर वा जग्गा वा दुबै रहेको परिवार (%) | २३.८ | २५.२ |
| परिवारमा अनुपस्थित (अक्सर विदेशमा बस्ने) व्यक्ति | २१९०५९२ | ३०४२८६ |
| महिला परिवारमूली (%) | ३१.५५ | २१.७ |
| **वैवाहिक अवस्था (१० वर्ष वा सो भन्दा बढी उमेरका)** | | |
| अविवाहित जनसंख्या (%) | ३३.१ | ३३.४ |
| विवाहित जनसंख्या (%) | ६१.८ | ६२.५ |
| विधुर/विधवा (%) | ४.५ | ३.९ |
| पहिलो विवाह गर्दाको उमेर औसत वर्ष (Median Age) | १९ | १८ |
| **अपाङ्गताको जनसंख्या (%)** | | |
| जम्मा (%) | २.२ | १.५ |
| पुरुष (%) | २.५ | १.७ |
| महिला (%) | २.० | १.३ |
| **साक्षरता दर (५ वर्ष वा सो भन्दा माथि)** | | |
| जम्मा (%) | ७६.२ | ६३.५ |
| पुरुष (%) | ८३.६ | ७२.५ |
| महिला (%) | ६९.४ | ५४.७ |
| **आर्थिक काम गरेको अवधि (१० वर्ष वा सो भन्दा माथिका)** | | |
| ६ महिना वा सो भन्दा बढी आर्थिक काम गरेका (%) | ४१.० | ३३.३ |
| ३-६ महिना आर्थिक काम गरेका (%) | ११.४ | १०.७ |
| ३ महिना भन्दा कम आर्थिक काम गरेका (%) | १०.१ | ९.५ |
| कुनै पनि आर्थिक काम नगरेका (%) | ३७.५ | ४६.५ |
| आर्थिक कामको औद्योगिक क्षेत्र अनुसार कृषि, वन र माछापालन क्षेत्रमा संलग्न जनसंख्या (%) | ५७.३ | ५४.१ |
| आर्थिक काम नगर्नुको कारण (विद्यार्थी) (%) | ४६.९ | ४१.१ |
| बालबालिकाको जन्मदर्ता सम्बन्धी अवस्था (%) | ७४ | ७६.६ |

**प्रकाशक:**

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

**राष्ट्रिय तथ्याङ्क कार्यालय**

थापाथली, काठमाडौँ

फोन नं.: ५३६५३२३, ५३४१८०१, ५३२८४०६, ५३४५९४६ (४७,४८) फ्याक्स नं.: ९९७-१-५३२७७२०

इमेल : info@cbs.gov.np वेबसाइट : www.cbs.gov.np

इमेल : population@cbs.gov.np वेबसाइट : www.censusnepal.cbs.gov.np